श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतमबाट** भएको

**फैसला**

सम्बत् २०७०/०७१ सालको स.फौ.नं.५० (हातहतियार)

दर्ता मिति :– **२०७०/०४/११**

मुद्दा :– हातहतियार खरखजाना ।

निर्णय नं.१४४७, मिति :– **२०७१/०३/२२**

**वादी**

प्रहरी प्रतिवेदन जाहेरीले

**नेपाल सरकार**.......... .........१

निजको प्रमाण..................................

साक्षी...........................................

कागज...........................................

**प्रतिवादी**

**जिल्ला दोलखा, चित्रे गा.वि.स. वडा नं. ६ बस्ने कमलबहादुर कार्कीको छोरा बर्ष २२ को किरण कार्की** ........................................... .१

**ऐ.ऐ.बस्ने कमलबहादुर कार्कीको छोरा वर्ष १९ को अमृत कार्की**.......२

निजको प्रमाण .................................................................

साक्षी ........................................................................

कागज .......................................................................

**यस कार्यालयबाट बुझेको**

प्रमाण..........................................

साक्षी..........................................

कागज ----------------------------

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. मिति २०७०/०३/१८ गते साझ का.जि.मच्छेगाउ गा.वि.स.वडा नं.८ स्थित माधव ढुङ्गानाको घरमा डेरा गरी बस्ने प्रतिवादीहरु किरण कार्की र अमृत कार्कीको डेरा कोठाबाट विशेष सुराकीको आधारमा खानतलासी एवं चेकजाँच गर्ने क्रममा लुकाई छिपाई राखेको अवस्थामा 7.62 MM लेखिएको गोली राउण्ड ५ र 7.62 MM लेखिएको बुलेट नभएको ड्यामे राउण्ड १, 5.56KF लखिएको खोका राउण्ड १ र GEVELOT 12 लेखिएको सर्ट गनको कार्टिज राउण्ड १ थान समेत फेला परेको हुदा उक्त खरखजाना वरामद गरी निजहरुलाई पक्राउ गरी कारवाहीको लागि दाखिला गरेको भन्ने समेत व्यहोराको **खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।**

२. वरामद भई आएको 7.62 MM लेखिएको गोली राउण्ड ५ र 7.62 MM लेखिएको बुलेट नभएको ड्यामे राउण्ड १, 5.56KF लखिएको खोका राउण्ड १ र GEVELOT 12 लेखिएको सर्ट गनको कार्टिज राउण्ड १ थान परीक्षणको लागि के.वि.वि.प्रयोगशाला काठमाण्डौलाई लेखी पठाइएको पत्र ।

३. म र भाई अमृत कार्की मच्छेगाउ स्थित माधव ढुङ्गानाको घरमा बसी आएकोमा प्रहरीले उक्त कोठाबाट मुचुल्कामा उल्लेखित गोलीहरु समेत वरामद गरेको हुदा उक्त कोठा मेरो समेत भएकोले मलाई पक्राउ गरी ल्याएको हो भन्ने समेत व्यहोराको प्रतिवादी किरण कार्कीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

४. म र दाई किरण कार्की एउटै घरमा बसे पनि कोठा अलग छ । घरधनीको माथिल्लो तलामा डेढबर्ष अघि कोठा सफा गर्दा उक्त गोलीहरु फेला परेकोले सो गोलीहरु घरको चार सुरमा राख्दा राम्रो हुन्छ भन्ने सुनेकोले राखी राखेको हो । कोही कसैसँग खरिद गरेको होइन भन्ने समेत व्यहोराको प्रतिवादी अमृत कार्कीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

५. मच्छेगाउको वडा नं. ८ मा भएको पुरानो घर विगत १० वर्ष देखि छाडी वडा नं.७ मा भएको घरमा सपरिवार बसी आई रहेकोमा विगत ४/५ वर्ष पहिले मदन सुनार सोही घरमा बसी आएका वखत झुण्डीएर आत्महत्या गरी मरेको र सो पछि उक्त घर खाली भई २ वर्ष अगाडि अमृत कार्की समेत सो घरमा बसी आएका र अमृत कार्कीले घर सफा गर्दा सो गोली फेला पारेको भन्ने सुनेको हो, निजहरु खराव प्रवृत्तिका मानिसहरु होइनन् र निजहरुले कहि कतैबाट खरिद गरी ल्याएको भन्ने कुरामा विश्वास लाग्दैन भन्ने समेत व्यहोराको घर धनि माधव प्रसाद ढुङ्गानाले गरि दिएको घटना विवरण कागज ।

६. अमृत कार्कीको कोठाबाट उक्त गोली समेतका सामानहरु प्रहरीले वरामद गरेको हो । उक्त गोलीहरु निजले घर सफा गर्दा फेला पारी घर वनाउदा राम्रो हुन्छ भनि राखेको भन्ने थाहा पाएको हो । सो घरमा धेरै मानिसहरु आई बस्थे को कसले राखी छाडेको हो थाहा छैन, भन्ने समेत व्यहोराको बुझिएका मानिस पुरुषोतम ढुङ्गानाले गरी दिएको घटना विवरण कागज ।

७. संकलित कागज प्रमाणहरुबाट प्रतिवादीहरु किरण कार्की र अमृत कार्कीको कोठाबाट 7.62 MM लेखिएको गोली राउण्ड ५ र 7.62 MM लेखिएको बुलेट नभएको ड्यामे राउण्ड १, 5.56KF लखिएको खोका राउण्ड १ र GEVELOT 12 लेखिएको सर्ट गनको कार्टिज राउण्ड १ थान लुकाई छिपाई राखेको अवस्थामा प्रहरी कर्मचारीद्धारा मिति २०७०।३।१८ गते बरामद भएको हुदा, निज प्रतिवादीहरुबाट हुन गएको उक्त कार्य हातहतियार तथा खरखजाना ऐन,२०१९ को दफा ३(२) विपरितको कसूर अपराध भएको देखिदा निज प्रतिवादीहरु किरण कार्की र अमृत कार्कीलाई सोही ऐनको दफा २०(३) बमोजिम सजाय हुन र बरामद भएको गोली गठ्ठाहरु सोही ऐनको दफा १६ बमोजिम जफत हुन मागदावी लिई **अभियोग-पत्र प्रस्तुत भएको ।**

७. हामीहरु हाल बसी आएको घरमा डेरा सफा गर्ने क्रममा फेला पारी राखेकोमा सोही गोली सम्वन्धमा कही कतैबाट जानकारी पाएर हो वा कसरी हो प्रहरीले खानतलासी लिदा फेला पारी मलाई समेत प्रहरीले पक्राउ गरी ल्याएको हो र सो गोलीहरु घर बनाउदा चार सुरमा राख्दा राम्रो हुन्छ भनी राखेको हो कुनै खराव नियतले राखेको होइन भन्ने समेत व्यहोराको **प्रतिवादी अमृत कार्कीले यस कार्यालयमा गरेको वयान ।**

८. म समेत बसी आएको घरमा भाईको कोठाबाट वरामदी मुचुल्कामा उल्लेखित सामानहरु प्रहरीले बरामद गरी रहेको अवस्थामा म आई पुगेको हो । मेरो कोठाबाट वाखालाई खुवाउन राखेको अलिकति गाजा फेला परेकोले मलाई पनि प्रहरीले पक्राउ गरेको हो ।उक्त गोली सम्वन्धमा मलाई केही पनि थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी किरण कार्कीले यस कार्यालयमा गरेको वयान ।

९. यसमा प्रतिवादी किरण कार्कीले मेरो कोठाबाट नभई भाइको कोठाबाट उक्त गोली बरामद भएको भनी वयान गरेका र अमृत कार्कीले बयान गर्दा कोठा सफा गर्दा फेला पारी घर बनाउने क्रममा जगमा राख्दा राम्रो हुन्छ भन्ने मान्यता भएकाले राखेको हुँ, कुनै अपराधिक काम गरेको छैन भनि वयान गरेकाले पछि ठहरे बमोजिम हुने गरी हाल मु.ऐ.अ.वं.११८ को देहाय ५ बमोजिम प्र.किरण कार्कीबाट रु ५७,०००।- र प्र.अमृत कार्कीबाट रु ८७,०००।- धरौटी नगदै वा सो वरावरको जेथा धरौटी लिई तारेखमा राखी मुद्दाको पूर्पक्ष गर्नु, दिन नसके सोही नं.को देहाय ८ बमोजिम थुनामा राखी पूर्पक्ष गर्नु भन्ने व्यहोराको **यस कार्यालयबाट मिति २०७०/०४/१३ मा भएको थुनछेक आदेश ।**

१०. मिति २०७०।३।१८ को वरामदी मुचुल्कामा काम तामेल गर्ने खण्डमा भएको दस्तखत मेरै हो ।उक्त मुचुल्कामा उल्लेख भए अनुसार प्र.किरण कार्की र अमृत कार्की सुत्ने कोठामा रहेको काठको घर्रा भएको वाकसमा रातो प्लाष्टिक भित्र गोली राउण्ड ७ र खोका थान १ वरामद भई सोही अनुसार उक्त वरामदी मुचुल्का तयार गरिएको हुदा प्रतिवादीहरु उपर कानून वमोजिम सजाय हुनु पर्ने हो भन्ने वादी पक्षका प्रतिवेदक प्रहरी कर्मचारीहरु कृष्णप्रसाद पौडेल र शिवनारायण श्रेष्ठको **एकै मिलानको बक-पत्र ।**

## यस कार्यालयको ठहर

११. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा **मिसिल संलग्न कागजातहरु अध्ययन गरि प्रतिवादीको जिकिर समेत सुनि निर्णय तर्फ विचार गर्दा प्रतिवादी किरण कार्की र प्र.अमृत कार्कीले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३ (२) बमोजिमको कसुर अपराध गरेको हो होइन् निर्णय गर्नु पर्ने देखिन आयो ।**

यसमा मिसिल साथ संलग्न कागज प्रमाणहरु अध्ययन गरी निर्णय तर्फ विचार गर्दा मिति २०७०।३।१८ को वरामदी मुचुल्कामा उल्लेखित 7.62 MM लेखिएको गोली राउण्ड ५ र ड्यामे गोली १, प्र.अमृत कार्की सुत्ने गरेको कोठाबाट वरामद भएको वरामदी मुचुल्काबाट देखिएको र उक्त कुरालाई प्र.अमृत कार्कीले अधिकार प्राप्त अधिकारी समक्ष र यस कार्यालय समेतमा गरेको वयानमा स्वीकार गरेको साथै प्रहरी प्रतिवेदकको वकपत्रबाट समेत उक्त कुरा पुष्टी भएको । अर्का प्रतिवादी किरण कार्की र प्रतिवादी अमृत दाजुभाई भएको, निजहरु एउटै घरको अलग/अलग कोठामा सुत्ने गरेको,वरामद भएको खरखजानाको विषयमा प्र.किरण कार्कीलाई पूर्व जानकारी नभएको भन्ने कुरा निजले यस कार्यालय,अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान र प्र.अमृत कार्कीको वयान समेतबाट देखिदा उक्त खरखजाना राख्नमा प्र. किरण कार्कीको संलग्नता कही कतैबाट नदेखिएकोले निजले अभियोगबाट सफाई पाउने र प्र.अमृत कार्कीले विना इजाजत अवैध रुपले आफुसँग वरामदी मुचुल्कामा उल्लेख भए बमोजिमका खरखजाना (गोली ) साथमा राखी हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२) बमोजिमको कसुर गरेको ठहर्छ । सो ठहर्नाले प्र.अमृत कार्कीलाई सोही ऐनको दफा २०(३) वमोजिम रु ६०,०००।- ( साठी हजार ) जरिवाना हुन्छ । दशीको रुपमा पेश भएका गोली सोही ऐनको दफा १६ बमोजिम जफत हुन्छ । प्र.किरण कार्कीको धरौटी मुद्दाको अन्तिम किनारा लागे पछि फिर्ता दिनु । प्र.अमृत कार्कीलाई भएको जरिवाना धरौटीबाट असुल गरी बाकी धरौटी निजले तारेख गुजारी बसेकाले अ.वं.१२४ नं. बमोजिम जफत गर्नु । अरुमा कानून बमोजिम गर्ने गरि प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएको छ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी अमृत कार्कीलाई रु ६०,०००।- जरिवाना हुने ठहरेकोले निजले राखेको धरौटीबाट सो जरिवाना भएको रकम र निजले तारेख गुजारी बसेकाले मु.ऐ.अ.वं.१२४ नं.अनुसार वाकी धरौटी रकम समेत राजश्वमा सदरस्याहा गर्नु ..............................१

प्र.किरण कार्कीले सफाई पाउने ठहरेकोले निजले मुद्दा पूर्पक्षका लागि मिति २०७०।४।१५ मा र.नं. २४५ बाट राखेको धरौटी रकम रु ५७,०००/- फिर्ता पाँउ भनी ऐनका म्याद भित्र निवेदन दिए प्रस्तुत मुद्दाको अन्तिम किनारा लागे पछि वा पुनरावेदन अवधी नाघे पछि फिर्ता दिनु ..........................................२

जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको फोटोकपि समेत साथै राखी मुद्दा फैसला भएको जानकारी र पुनरावेदनको म्याद समेत लेखी पठाउनू ...........................................................................३

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.............................................................................४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू ..५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनु र नपरे नियमानुसार गरी अभिलेख राख्नू .....................................................................६

...................................

(बसन्त राज गौतम)
प्रमुख जिल्ला अधिकारी

श्रीमान् प्र.जि.अ.ज्यूबाट टिपाए
बमोजिम लेख्ने ना.सु.परशुराम थापा

इति सम्बत् २०७१ साल अषाढ २३ गते रोज २ शुभम् ..............................................................